# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
### गोठगाउँ, मोरङ

पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ, मोरङ, नेपाल २०५२ 1995

च.नं.

२०८०/१२/०७
मिति: ..........................................

## भर्ना सम्बन्धी अत्यन्त जरूरी सूचना

चिकित्सा शिक्षा आयोगले मिति २०८०/१२/०६ गते प्रकाशित गरेको चिकित्सा शिक्षा स्नातकोत्तर तह (MECEE-PG 2024) खुल्लातर्फको पहिलो चरणको म्याचिङ्को संशोधित नतिजा प्रकाशन र भर्ना सम्बन्धी सूचना अनुसार पूर्वाञ्चल विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूमा सुची भित्र नाम रहेका विद्यार्थीहरूलाई मिति २०८०/१२/१४ गते दिनको ४ बजे भित्र ***आङ्गिक कलेजको हकमा अनिवार्य स्वयम् उपस्थित भई तथा सम्बन्धन प्राप्त कलेजको हकमा अनलाईन माध्यम मार्फत*** भर्ना हुन यो सूचना प्रकाशित गरिन्छ ।

**वेबसाइट:** https://pufomas.edu.np
**भर्ना गरिसक्नुपर्ने मिति र समय :** २०८०/१२/१४ गते, ४:०० बजे भित्र
**भर्ना सम्बन्धी नियमहरू:**

१. चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण पश्चात म्याचिङ (Matching) भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारहरूले भर्ना हुँदा सम्बन्धित कागजातहरू अनिवार्य पेश गर्नुपर्ने छ ।
२. भर्ना हुने विद्यार्थीले चिकित्सा शिक्षा आयोग र पूर्वाञ्चल विश्वविद्यालयको आचार संहिता र नियमावली पालना गर्नुपर्ने छ ।

**भर्ना हुँदा पेश / अनलाईन माध्यममा अपलोड गर्नुपर्ने कागजातहरू:**

- पूवि चिकित्साशास्त्र संकाय डीनको कार्यालय वा वेबसाइटमा उपलब्ध एडमिसन पोर्टलको फारम ।
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो १ (एक) प्रति ।
- भर्ना हुने कार्यक्रमको लागि चिकित्सा शिक्षा आयोगले तोकेको निर्धारित शुल्कको पहिलो किस्ता बराबरको रकम तपसिल बमोजिमको खातामा एडमिसन पोर्टलको Connect IPS मार्फत वा नगदै जम्मा गरेको बैंक भाउचर पेश गर्नुपर्नेछ । (बैंक भाउचर बनाउदा सम्बन्धित विद्यार्थीको नामबाट रकम जम्मा भएको प्रमाण देखिनुपर्नेछ । **साथै चेक / क्लियरेन्स मान्य हुने छैन** ।)
- प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.ई) को ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र (Provisional/Original Certificate), समकक्षताको प्रतिलिपि ।
- स्नातक वा सो सरहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र (Provisional/Original Certificate), समकक्षताको प्रतिलिपि ।
- नागरिकताको प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- नियमानुसार लागुहुने अन्य कागजातहरू ।

**तपसिल:**

- Account Name: PU Faculty of Medical and Allied Sciences
- Account Number: **00710017518977**
- Bank: Nabil Bank Limited

**शुल्क सम्बन्धि विवरणः**

आङ्गिक कलेजको हकमा चिकित्सा शिक्षा आयोगको नियम २२ उपनियम (१) सँग सम्बन्धित कबुलियतनामा गर्नुपर्नेछ तथा सम्बन्धन प्राप्त कलेजको हकमा देहाय बमोजिमको शुल्क लाग्ने छ ।

| सि.नं | कार्यक्रम | जम्मा शुल्क (Nrs) | भर्नाको समयमा बुझाउनुपर्ने (Nrs) |
|---|---|---|---|
| १. | MPH | 9,20,230/- | 3,06,745/- |
| २. | M. Pharmacy | 5,19,660/- | 1,73,220/- |

अनलाइन आवेदन फारम भर्नका लागि प्रोफाइल तयार पार्ने र आवेदन फारम पेश गर्ने तरिका उम्मेदवारले सर्वप्रथम आफ्नो इमेल आइडी र मोबाईल नम्बर सहितका विवरण राखी प्रोफाइल बनाउनु पर्नेछ र यो प्रोफाइल अनलाईन मध्यमवाट पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायमा विद्यार्थी भर्नाका लागि सधैलाई प्रयोग हुनेछ ।

१. **Account तथा प्रोफाइल तयार पर्ने प्रक्रिया :-**

**(क)** आवेदन फाराम भर्नका लागि सर्वप्रथम पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको वेबसाइट https://pufomas.edu.np मा प्रवेश गरी Online Admission लेखिएको स्थानमा क्लिक गर्नुपर्दछ । त्यसपछि खुल्ने पेजको दायाँपट्टी रहेको Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Register लिङ्कमा क्लिक गर्नुपर्दछ ।

**अथवा,**

वेबब्राउजरमा https://admission.pufomas.edu.np टाइप गरी Browse गरे पश्चात् Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Register लिङ्कमा क्लिक गर्नुपर्दछ ।

**(ख)** यसपछि खुल्ने पेजमा सःशुल्कको हकमा Paying मा क्लिक गरी आफ्नो Nationality, Full Name, Gender, Contact Number, Email, Password र Confirm Password भरेर Register वटनमा क्लिक गरी आफ्नो युजर बनाउनु पर्नेछ ।

**(ग)** आफूले उल्लेख गरेको इमेल ठेगानामा इमेल आइडी भेरिफिकेसन (verification) का लागि इमेल आउनेछ । आफ्नो इमेल आइडी Login गरी Verify Email Address लिङ्कमा क्लिक गरेपछि प्रोफाइल रजिष्टर गर्दा राखेको इमेललाई User Name को वक्समा र पासवर्डलाई Password बक्समा राखेर Login बटनमा क्लिक गर्नुपर्नेछ ।

**(घ)** पहिलो पटक आफ्नो प्रोफाइल Login गर्दा अनलाइन आवेदन फाराम भर्ने प्रणालीमा आफ्नो इमेल भेरिफिकेसन (Email Verification) नभएको भए Before proceeding, please check your email for a verification link भन्ने सन्देश देखिनेछ र दर्ता गरिएको इमेलमा प्राप्त भएको इमेल सन्देशको लिङ्कमा क्लिक गरी इमेल आइडी भेरिफिकेसन गर्नुपर्नेछ । यदि रजिस्टर गरेको इमेल आइडीमा भेरिफिकेसन सन्देश नआएको खण्डमा आफ्नो आवेदन फाराम भर्ने प्रोफाइलमा Login गरी Before

च.नं.

मितिः ....................................

proceeding, please check your email for a verification link भन्ने सन्देशसँगै रहेको रिसेण्ड (Click here to requsest another) मा क्लिक गरी इमेल आइडीमा गई माथिको प्रक्रिया अनुसार आफ्नो इमेल आइडी भेरिफाइ गर्नुपर्नेछ ।

**(ङ)** इमेल आइडी भेरिफाइ भईसकेपछि पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको अनलाइन Admission प्रणालीमा पुनः Login गरेर ड्यासबोर्ड (dashboard) मा क्लिक गर्नुपर्नेछ ।

**(च)** Dashboard मा रहेको Registration Form मेनुमा क्लिक गरेर आफ्नो व्यक्तिगत विवरण, शैक्षिक विवरण र सोसँग सम्बन्धित कागजातहरु संलग्न गरी Save and continue बटनमा क्लिक गर्नुपर्नेछ ।

**(छ)** पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको मेल मार्फत भर्ना प्रक्रिया पुरा भएको मेल आए पश्चात चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको अनलाइन प्रणालीमा Login गरी भर्ना सुनिश्चित गर्ने पेज डाउनलोड गरी सुरक्षितसाथ राख्नुपर्नेछ ।

**(ज)** भर्ना प्रक्रियामा झुठा विवरण पेश गरेको पाइएमा त्यस्ता उम्मेदवारहरूको भर्ना प्रक्रिया रद्ध हुनेछ ।

२. **<u>आवेदन फाराम पेश गर्ने प्रक्रिया :-</u>**

(क) आवेदन पेश गर्नका लागि Dashboard मेनुमा रहेको Submission मा क्लिक गरी सबै विवरण रूजु गरी अन्त्यमा रहेको Submit मा क्लिक गर्नु पर्नेछ । आफ्नो फाराम पेश भएपश्चात् त्यसको जानकारी प्रोफाइलमा देखापर्छ । कुनै विवरण नमिलेको भए Error म्यासेज देखापर्नेछ र आफ्नो विवरण पुनः रूजु गरी माथिकै प्रक्रियावृष्ट पुनः फाराम पेश गर्नुपर्नेछ ।

**नोटः**

- शैक्षिक कार्यक्रमको सिट निर्धारण तथा Admission को नामावली सम्बन्धी विवरण mec.gov.np मा हेर्न सूचित गरिन्छ ।
- एडमिसन पोर्टलमा केहि समस्या आएमा ०२१-४२६००९ मा सिधै सम्पर्क गर्न सकिनेछ ।
- यस सूचनामा केहि त्रुटीहुन् गएमा सो सच्याउने सर्वाधिकार पू.वि. चिकित्साशास्त्र संकाय, डीन कार्यालयमा सुरक्षित रहने छ ।

डीनको कार्यालय
चिकित्साशास्त्र संकाय